# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

ब... धादिङ
बागम... नेपाल

पत्र सङ्ख्याः २०८०/०८१
चलानी नं.

## विज्ञप्ति

**आम सिद्धलेकवासी दाजुभाई तथा दिदिवहिनीहरु,**

सिद्धलेक गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति/कार्यक्रम र वार्षिक वजेट निर्माणमा आवश्यक राय /सुझाव तथा पृष्ठपोषण उपलब्ध गराउनको लागि गाउँपालिकाको आयोजनामा गाउँपालिकाभित्र क्रियाशिल प्रमुख राजनीतिक दलका प्रमुख/प्रतिनिधिहरुको मिति २०८१ आषाढ ०८ गते विहान ७ बजे बसेको सर्वदलीय बैठकमा वृहत छलफल भएको र उक्त छलफलबाट गाउँपालिकालाई वार्षिक नीति/कार्यक्रम तयार गर्नको लागि आवश्यक पृष्ठपोषण समेत प्राप्त भएको छ । हाम्रो निमन्त्रणालाई स्वीकार गरी उक्त छलफलमा सहभागी हुनुहुने राजनीतिक दलका प्रमुख तथा सम्पूर्ण प्रतिनिधिहरुलाई म हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।

सौहार्दपूर्ण वातावरणमा भएको उक्त छलफलमा गाउँपालिकाको सुन्दर भविष्यको लागि उपस्थित सम्पूर्णले चासो प्रकट गरेकोमा मलाई ज्यादा खुशी लागेको छ । लोकतन्त्रमा सम्पूर्ण व्यक्तिको अभिमतको उचित कदर हुनैपर्ने भएको हुँदा वार्षिक नीति/कार्यक्रम तयारीमा गाउँपालिकालाई आफ्नो अमूल्य राय/सुझाव प्रदान गर्नुहुने जिम्मेवार नेतागणहरु प्रति म सदैव आभारी रहनेछु । वहाँहरुले प्रदान गर्नुभएको पृष्ठपोषण अनुरुप सिद्धलेक गाउँपालिकाको आगामी आर्थिक वर्षको नीति/कार्यक्रम तथा वार्षिक वजेट तयार गरी सभामा प्रस्तुत गर्ने विश्वास दिलाउन चाहन्छु ।

सर्वदलीय छलफलको क्रममा गाउँपालिकाबाट मिति २०८१ जेष्ठ २५ गते प्रकाशित विज्ञप्ति प्रति राजनीतिक दलहरुले खेद प्रकट गर्नुभएको हुँदा निजहरुको मनोभावना अनुरुप उक्त विज्ञप्ति फिर्ता लिइएको जानकारी गराउन चाहन्छु । साथै, उक्त विज्ञप्तिको मर्म जिम्मेवार नेतागण तथा जनप्रतिनिधि प्रति लक्षित नरहेको र तत्कालिन समयमा उत्पन्न परिस्थितिको उपज भएको समेत जानकारी गराउन चाहन्छु । र अन्त्यमा, वार्षिक नीति/कार्यक्रम तथा वजेट निर्माणमा कानूनले दिएको जिम्मेवारी तथा आफ्नो पदिय दायित्व पूरा गर्न संपूर्ण जनप्रतिनिधिहरुलाई पुनः आव्हान गर्न चाहन्छु ।

धन्यवाद ।

**मितिः- २०८१ आषाढ ०८**

परशुराम खतिवडा
अध्यक्ष



Scanned with CamScanner